लोक सेवा आयोग
नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजस्व समूह, लेखा समूह, र नेपाल लेखापरीक्षण सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको आन्तरिक प्रतियोगितात्माक लिखित परीक्षाको पाठ्यक्रम

**भाग - १ लिखित परीक्षा** **पूर्णाङ्क :- २००**

| पत्र | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | अंक भार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामाजिक अध्ययन (सबै सेवा समूहका लागि) | १०० | वस्तुगत बहुउत्तर<br>छोटो छोटो उत्तर<br>लामो उत्तर | २५<br>८<br>१ | ५०<br>४०<br>१० | १ घण्टा |
| द्वितीय | सेवा सम्बन्धी | १०० | वस्तुगत बहुउत्तर<br>छोटो छोटो उत्तर<br>लामो उत्तर | २५<br>८<br>१ | ५०<br>४०<br>१० | १ घण्टा |

**भाग - २ अन्तर्वार्ता** **पूर्णाङ्क :- ३०**

**द्रष्टव्य :**

१. प्रथम पत्र सामान्य ज्ञान र सामाजिक अध्ययन विषयको परीक्षा सबै सेवा समूहलाई संयुक्त वा भिन्नाभिन्नै पनि हुन सक्नेछ। द्वितीय पत्र सेवा सम्बन्धी विषयको परीक्षा सेवा अनुरुप भिन्नाभिन्नै हुनेछ।
२. लिखित परीक्षाको माध्यम नेपाल परराष्ट्र सेवाको द्वितीय पत्रका भाग २ को अंग्रेजी र बाँकी सबैको नेपाली वा अंग्रेजी अथवा दुवै भाषा हुनेछ।
३. लिखित परीक्षाको प्रत्येक पत्रमा उत्तीर्णाङ्क ४० प्रतिशत मानिने छ।
४. वस्तुगत बहुउत्तर प्रश्न गल्ती गरेको प्रश्नोत्तरको लागि २० प्रतिशत अंक कट्टा गरिनेछ।
५. पाठ्यक्रममा भएका यथासम्भव सबै पाठ्यांशहरुबाट प्रश्न सोधिनेछ।
६. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ।
७. भाग १ को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरु मात्र भाग २ को अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछन्।

## प्रथमपत्र :- सामान्यज्ञान तथा सामाजिक अध्ययन

**१. सामान्यज्ञान**

१.१. नेपालको भौगोलिक, ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अवस्था सम्बन्धी सामान्य जानकारी।
१.२. सार्क मुलुक सम्बन्धी सामान्य जानकारी।

**२. सामाजिक अध्ययन**

२.१. नेपालको प्राकृतिक तथा राजनैतिक विभाजन र प्रत्येक भागका विशेषताहरु।
२.२. नेपालको इतिहास पृथ्वीनारायण शाहदेखि हालसम्म।
२.३. बहुदलीय लोकतान्त्रिक संसदीय व्यवस्थाको महत्व र विशेषताहरु।
२.४. नेपालको चालू पञ्चवर्षीय योजनाको सामान्य जानकारी।
२.५. नेपालको सरकारी बजेट प्रणाली।
२.६. नेपाल राष्ट्र बैंकका प्रमुख कार्यहरु।
२.७. वातावरण प्रदूषण, शहरीकरण र जनसंख्याबृद्धिः कारण र निवारण।
२.८. सामाजिक सुधार (मुलुकी ऐन) र आर्थिक सुधार (भूमिसुधार)।

------------